# समाचार पत्र–फेब्रुवरी २०२४

## नेपालमा भारतका झलकहरु

### नेपाली संसदीय प्रतिनिधिमण्डलको भारतको औपचारिक भ्रमण



सभापति श्री राजकिशोर यादवको नेतृत्वमा अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन सम्बन्धी संसदीय समितिका सदस्य सम्मिलित नेपाली संसदीय प्रतिनिधिमण्डलले मिति २०८० माघ १६–२३ सम्म भारतको औपचारिक भ्रमण गर्यो । दिल्ली भ्रमणका दौरान नेपाली प्रतिनिधिमण्डलले लोक सभाका अध्यक्ष श्री ओम बिरला, माननीय विदेशमन्त्री डा.एस. जयशंकर, विदेश राज्यमन्त्री श्री वी. मुरलीधरन र पर्यटन राज्यमन्त्री श्री श्रीपाद वाई. नायकसँग भेटवार्ता गरेका थिए । नेपाली प्रतिनिधिमण्डलले गोवामा अगुआडा किल्लाको भ्रमण गरेका थिए र पर्यटनमन्त्री श्री रोहन खौटेसँग भेटघाट गरेका थिए । टोलीले मुम्बईमा अवस्थित प्रख्यात वानखेड़े स्टेडियमको पनि भ्रमण गरेका थिए । उत्तर प्रदेश भ्रमणका दौरान प्रतिनिधिमण्डलले मुख्यमन्त्री श्री योगी आदित्यनाथ, माननीय गर्भनर र उत्तर प्रदेश विधान सभाका माननीय अध्यक्षसँग भेटवार्ता गरेको थियो ।

# रुपन्देहीस्थित श्री नहरपुर माध्यमिक विद्यालयको विद्यालय भवनको उद्घाटन




उच्च प्रभाव सामुदायिक विकास परियोजना अन्तर्गत निर्माण गरिएको रुपन्देहीस्थित श्री नहरपुर माध्यमिक विद्यालयको विद्यालय भवनको नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तव र पूर्व उप–प्रधानमन्त्री तथा अर्थमन्त्री श्री विष्णु पौडेलले मिति २०८० फाल्गुण १३ गते संयुक्त रुपमा उद्घाटन गर्नुभयो । विद्यालयमा १३५० भन्दा बढी विद्यार्थीहरु अध्ययनरत छन् जसमा ६० प्रतिशतभन्दा बढी छात्रा रहेका छन् । राजदूत श्रीवास्तव, जिल्ला समन्वय समितिका प्रमुख श्री उमाकान्त चपाई र तिलोत्तमा नगरपालिकाका मेयर श्री रामकृष्ण खाणले रुपन्देहीस्थित श्री राममणि बहुमुखी क्याम्पसको क्याम्पस भवनको उद्घाटन गर्नुभयो । यो परियोजना उच्च प्रभाव सामुदायिक विकास परियोजनाकै एक हिस्साको रुपमा रहेको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजना अन्तर्गतका यी परियोजनाले नेपालको शिक्षा क्षेत्रलाई सुदृढ गर्ने भारतको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ ।

थप जानकारी...

# पोखरास्थित श्री भद्रकाली माध्यमिक विद्यालयको विद्यालय भवनको उद्घाटन






पोखरा महानगरपालिकाका मेयर श्री धनराज आचार्य र भारतीय राजदूतावासका नियोग उप–प्रमुख श्री प्रसन्न श्रीवास्तवले मिति २०८० फाल्गुण २ गते भारत–नेपाल विकास सहकार्य अन्तर्गत भारत सरकारको नेरु. २.०९४ करोड आर्थिक सहयोगमा पोखरास्थित श्री भद्रकाली माध्यमिक विद्यालयका लागि निर्माण गरिएका विद्यालय भवनको औपचारिक उद्घाटन गर्नुभयो । विद्यालयको ७२ औं वार्षिकोत्सव र उद्घाटन समारोह एकै दिन परेको थियो ।

थप जानकारी...

# नेपालमा भारत सरकारको अनुदान सहयोग अन्तर्गत तीनवटा परियोजनाको निर्माणका लागि समझदारीपत्रमा हस्ताक्षर





भारत सरकारको कूल अनुमानित लागत नेरु. १२.२५२ करोड अनुदान सहयोगमा प्युठान, तेह्रथुम र काठमाडौं जिल्लामा शिक्षा, स्वास्थ्य तथा सांस्कृतिक क्षेत्रमा एक–एकवटा गरी तीनवटा परियोजनाको निर्माण कार्य अघि बढाउनका लागि भारतीय राजदूतावास, काठमाडौं तथा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबीच मिति २०८० माघ १८ गते समझदारीपत्रमा हस्ताक्षर भयो ।

थप जानकारी...

February 2024 © Embassy of India, Kathmandu.

# नवौं नेपाल बिल्डकन इन्टरनेशनल एक्स्पो









भारतीय उद्योग परिसंघले ९८ जना निर्यातकर्ता रहेको भारतीय व्यापार प्रतिनिधिमण्डलको मिति २०८० माघ १८–२१ गतेसम्म काठमाडौंमा आयोजित नवौं नेपाल बिल्डकन इन्टरनेशनल एक्सपोमा नेतृत्व गरेको थियो । प्रदर्शनीका निम्ति प्रयोग गरिएको भारतीय हलको उद्घाटन माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतले गर्नुभएको थियो । नियोगका उप–प्रमुख श्री प्रसन्न श्रीवास्तवले सो प्रदर्शनीको निरीक्षण गर्नुका साथै भारतका निर्यातकर्तासँग अन्तरक्रिया गर्नुभएको थियो ।

February 2024© Embassy of India, Kathmandu.

# भारतीय सेना दिवस उत्सव




भारतीय राजदूतावास, काठमाडौंले मिति २०८० माघ २३ गते ७६ औं भारतीय सेना दिवस मनायो । नेपालका प्रधान सेनापति तथा भारतीय सेनाका मानार्थ महारथी प्रसिद्ध प्रबल जनसेवा श्री प्रभुराम शर्माले भारतीय सेनाको व्यावसायिक विशेषताको प्रशंसा गर्नुभयो । कार्यक्रममा नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले वीर गोर्खा सैनिकको अमूल्य योगदानको स्मरण गर्दै दुवै देश र दुवै देशका सेनाबीचको अटुट सम्बन्धमा गोर्खा सैनिक बलियो कडीको रुपमा रहेको उल्लेख गर्नुभयो।

थप जानकारी...

**February 2024 © Embassy of India, Kathmandu.**

# बहुभाषिक कविता वाचन कार्यक्रम




नेपाल–भारत पुस्तकालयमा नेपालका युवाका लागि भारतीय राजदूतावास, काठमाडौंले मिति २०८० फाल्गुण १५ गते एक बहुभाषिक कविता वाचन कार्यक्रमको आयोजना गर्यो । कार्यक्रमको उद्देश्य आफ्नो मातृभाषामा आफैले रचेको कविता वाचन गर्न प्रतिभाशाली युवा कवि एवम् कवयित्रीलाई अवसर र मञ्च प्रदान गर्नु रहेको थियो । उदीयमान युवाहरुले नेपाली, हिन्दी, संस्कृत, उर्दू, अवधी, नेवारी, मैथिली, भोजपुरी, थारु र केवरात भाषामा उत्कृष्ट कविता वाचन गरी कार्यक्रममा उपस्थित दर्शकलाई मोहित बनाएका थिए ।

February 2024 © Embassy of India, Kathmandu.

# ‘कला सम्वाद–अ मेलोडी अफ इसराज’ साङ्गीतिक साँझ









मासिक कला सम्वाद श्रृङ्खलाको एक हिस्साको रुपमा भारतीय राजदूतावास, काठमाडौंको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले मिति २०८० फाल्गुण १५ गते एक कार्यक्रमको आयोजना गर्यो । उक्त कार्यक्रममा प्रख्यात नेपाली वाद्यवादक श्री सन्तोष भक्त श्रेष्ठले इसराज वाचन प्रस्तुत गर्नुभएको थियो । तबलामा पण्डित समीर डे र अन्य कलाकारले श्रेष्ठलाई साथ दिएका थिए । उक्त साङ्गीतिक कार्यक्रममा पुरै हाउसफूल हुने गरी दर्शकहरु उपस्थिति थिए । इसराज भारतीय उपमहाद्वीपमा दुई रुपमा पाइने एक भारतीय तार वाद्ययन्त्र हो । संरचनामा थोरै फरक इसराज दिलरुबाको आधुनिक प्रकार हो ।

भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

सत्यमेव जयते

# वेदिक गणितमा कार्यशाला






स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले भारतीय राजदूतावासमा मिति २०८० फाल्गुण ७–११ गतेसम्म वेदिक गणितमा पाँच दिने कार्यशालाको आयोजना गर्यो । प्रख्यात गणितज्ञ प्राध्यापक जयन्त आचार्यले सञ्चालन गर्नुभएको कार्यशालामा काठमाडौंका विभिन्न विद्यालयका गणित शिक्षकहरुको उत्साहजनक सहभागिता रहेको थियो । सो कार्यशालाको समापन समारोहमा दूतावासका नियोग उप–प्रमुख श्री प्रसन्न श्रीवास्तव उपस्थित हुनुहुन्थ्यो जसमा विभिन्न १८ विद्यालयका गणित शिक्षकहरुको सहभागिता रहेको थियो ।

# केही छुटाउनुभयो कि!

## नेपालकी परराष्ट्र सचिव सेवा लम्सालको भारत भ्रमण (मिति २०८० फाल्गुण १५–१८)



मिति २०८० फाल्गुण १७ गते पुणेमा विदेश मन्त्रालय र पुणे अन्तर्राष्ट्रिय केन्द्रले संयुक्त आयोजना गरेको आठौं एसिया आर्थिक सम्वादमा भाग लिन नेपालकी परराष्ट्र सचिव सेवा लम्सालले भारतको भ्रमण गर्नुभयो । परराष्ट्र सचिवको कार्यभार सम्हालेसँगै परराष्ट्र सचिव लम्सालको यो पहिलो भारत भ्रमण थियो । भारतका विदेश सचिव श्री विनयमोहन क्वात्रासँगको भेटमा दुवै सचिवले नेपाल र भारतबीचको बहुआयामिक सहकार्यको समग्र पक्षमा छलफल गर्नुभएको थियो र भारतीय विदेशमन्त्री डा.एस जयशंकर र नेपालका परराष्ट्रमन्त्री श्री एनपी साउदको सहअध्यक्षतामा गत महिना काठमाडौंमा सम्पन्न ७ औं भारत–नेपाल संयुक्त आयोग बैठकबारे जानकारी लिनुभएको थियो । यो भ्रमण दुई देशबीच नियमित उच्चस्तरिय आदानप्रदानको परम्पराकै निरन्तरता हो र यसले छिमेकी पहिलो नीति अन्तर्गत भारतले नेपालसँगको सम्बन्धलाई दिएको प्राथमिकतालाई दर्शाउँछ । साथै यस किसिमको भ्रमणले द्विपक्षीय सम्बन्धलाई अझ अगाडि बढाउन अवसर प्रदान गर्नेछ ।

थप जानकारी...

February 2024 © Embassy of India, Kathmandu.

# केही छुटाउनुभयो कि!

## रायसिना डायलग २०२४








मिति २०८० फाल्गुण ९–११ गतेसम्म रायसिना डायलगको नवौं संस्करणको आयोजना गरिएको थियो । रायसिना डायलग भूराजनीति र भू–अर्थशास्त्र बारे भारतको प्रमुख सम्मेलन हो, जुन अन्तर्राष्ट्रिय समुदायले सामना गर्ने सबैभन्दा चुनौतीपूर्ण मुद्दाहरुलाई सम्बोधन गर्न प्रतिबद्ध छ । प्रधानमन्त्री श्री नरेन्द्र मोदीले मिति २०८० फाल्गुण ९ गते सो डायलगको उद्घाटन गर्नुभयो । नेपालका परराष्ट्रमन्त्री श्री एनपी साउदले नयाँ दिल्लीमा आयोजित रायसिना डायलगको उद्घाटन समारोहमा सहभागीता जनाउनुभएको थियो । नेपालका परराष्ट्रमन्त्री साउदले “Development Deficit: Towards a Post 2023 Agenda” विषयवस्तु अन्तर्गत मिति २०८० फाल्गुण ११ गते फोरमलाई सम्बोधन गर्नुभएको थियो ।

थप जानकारी...

# केही छुटाउनुभयो कि!

## प्रधानमन्त्रीको संयुक्त अरब इमिरेट्स भ्रमण (युएई)
## (मिति २०८० फाल्गुण १–२)





प्रधानमन्त्री श्री नरेन्द्र मोदीले मिति २०८० फाल्गुण १–२ गतेसम्म संयुक्त अरब इमिरेट्स (युएई) को औपचारिक भ्रमण गर्नुभयो । भ्रमणका दौरान प्रधानमन्त्रीले युएईका राष्ट्रपति महामहिम शेख मोहम्मद बिन जायद अल नाह्यानसँग द्विपक्षीय भेटवार्ता गर्नुभएको थियो । प्रधानमन्त्री मोदीले अबु धाबीको पहिलो हिन्दू मन्दिर बोचासनवासी अक्षर पुरुषोत्तम स्वामीनारायण संस्था (बीएपीएस) मन्दिरको पनि उद्घाटन गर्नुभएको थियो ।

थप जानकारी...

# केही छुटाउनुभयो कि!

## गतिमा कविता: कथक नर्तकीद्वारा गिनिज वल्र्ड रेकर्ड



मिति २०८० फाल्गुण ८ गते खजुराहो नृत्य महोत्सवमा राग बसन्तको लयमा १४८४ कथक नृत्य साधकले नृत्य गरी गिनिज वल्र्ड रेकर्ड कायम गरे । युनेस्को विश्व सम्पदा स्थल खजुराहोमा सो कार्यक्रमको आयोजना गरिएको थियो । प्राचीन वाद्ययन्त्रको ताल र नर्तकीको घुंगुरुको झङ्कारले ५० औं खजुराहो नृत्य महोत्सवको ऐतिहासिक उपलब्धिलाई यादगार बनाइदियो ।

थप जानकारी...

# यहाँ जानुभएको छ?

## सुदर्शन सेतु: भारतको लामो केबल–स्टेड पुल



२.३२ किलोमिटर फैलिएको यो अद्भुत पुल भारतको सबैभन्दा लामो केबल–स्टेड पुल हो । प्रधानमन्त्री श्री नरेन्द्र मोदीले गुजरातस्थित सुदर्शन सेतुको मिति २०८० फाल्गुण १३ गते उद्घाटन गर्नुभएको थियो । देख्दै लोभलाग्ने यो पुलले बेत द्वारका जाने तीर्थयात्रीलाई सहज कनेक्टिभिटी प्रदान गर्नेछ । ओखा बन्दरगाह नजिकै अवस्थित बेत द्वारका, द्वारका सहरबाट करिब ३० किलोमिटर टाढा छ र यहाँ भगवान कृष्णको प्रसिद्ध द्वारकाधीश मन्दिर रहेको छ ।

थप जानकारी...

February 2024 © Embassy of India, Kathmandu.